# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चोयगा, गुल्मी

लुम्बिनी प्रदेश, नेपाल

प.स. ०७९/८०
च.नं. ३६४

मितिः-२०७९।०६।०६

अव्यवस्थित निर्माणजन्य सामाग्री व्यवस्थित गर्ने सम्बन्धी सूचना!!!

प्रस्तुत विषयमा मदन भण्डारी राजमार्ग आयोजना वाट ठेक्का भई निर्माण कार्य सुरु भएको यस छत्रकोट गाउँपालिका अन्तर्गतको भेडुवा-गुन्टुङ-ठूलापोखरा सडक खण्डमा लामो समय देखि अव्यवस्थित रुपमा सडकको दायाँ बायाँ तर्फ थुपारिएको निर्माण सामाग्री तथा माटोको कारण दैनिक जसो सवारी साधनहरु दुर्घटना हुने गरेको तथा तत्काल व्यवस्थापन नगरिएको खण्डमा मानविय क्षति समेत हुने जोखिम रहेकोले अव्यवस्थित तवरले थुपारिएको निर्माण सामाग्रीलाई हटाउन आवश्यक सहयोग तथा समन्वयका लागि मदन भण्डारी राजमार्ग आयोजना,तम्घास गुल्मी र जिल्ला प्रशासन कार्यालय,तम्घास गुल्मीलाई अनुरोध गर्दा समेत व्यवस्थापन हुन नसकेकोले सम्बन्धित आयोजना वा निर्माण कम्पनीले आजका मितिले ३ दिन भित्र सो सामाग्रीलाई हटाउनुहुन वा व्यवस्थित गरिदिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तोकिएको समय भित्र व्यवस्थित नगरेमा वा नहटाएमा जोखिम सृजना गरेको निर्माण सामाग्री गाउँपालिकाले हटाउने वा व्यवस्थापन गर्नेछ र सो वाट हुने क्षतिको जिम्मेवार स्वयम् निर्माण कम्पनी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

वीर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत